

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १९९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ साउन १६ गते बुधबार ❑ 31 July 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## एक करोड अधिक खर्च भएको लेखनाथ रंगशाला घाँसेमैदानमा परिणत

**रासस**
पोखरा, १५ साउन

सोमबार साँझ केही युवा लेखनाथ रङ्गशालामा फुटबल खेलिरहेका थिए । खेलाडीले प्रहार गरेको बल घरी घाँसभित्र घरी हिलोमा पुग्थ्यो ।



यद्यपि उनीहरू उत्साहका साथ खेलिरहेका थिए । मैदानको छेउमा किशोरहरू पनि फुटबल अभ्यासमा रमाइरहेका थिए । फुटबल, भलिबलदेखि सन्ध्याकालीन हिँडडुल र व्यायामका लागि पुगेकाहरूको चहलपहल रङ्गशालामा थियो । बिहानबेलुका करातेलगायत मार्सल आर्टका खेलाडी पनि अभ्यासका लागि त्यहाँ पुग्छन् । कभर्ड हल नभएका कारण उनीहरू खुला आकाशमुनि अभ्यास गर्न बाध्य छन् । वर्षा याममा रङ्गशालाको 'ट्र्याक' हिलाम्मे हुने भएकाले अभ्यासपूर्व खेलाडीहरू दौडनसमेत पाउँदैनन् । आठ वर्षअघि निर्माण सुरू भएको बहुउद्देशीय कभर्ड हल बीचमै अलपत्र परेपछि 'इन्डोर' खेलको पनि चौरमै प्रशिक्षण गराउनुपर्ने बाध्यता छ । पोखरा महानगरपालिका- २९ स्थित यो रङ्गशालामा पूर्वाधार नहुँदा व्यवस्थित ढङ्गले खेल गतिविधि सञ्चालन गर्न कठिन भएको छ । पोखरा रङ्गशालाको विकल्प मानिएको लेखनाथ रङ्गशालामा भौतिक पूर्वाधार बनाउनुपर्नेमा स्थानीय खेलाडीले जोड दिएका छन् । आदर्श युवा क्लबका अध्यक्ष पदम गुरुङले रङ्गशालामा बनेका संरचना अलपत्र परेकामा दुखेसो गर्नुभयो । रङ्गशालाको ट्र्याक मापदण्डअनुसारको नभएको उहाँले बताउनुभयो । प्यारापिट पनि लथालिङ्ग छ । "अहिले ठूला खेल प्रतियोगिता सञ्चालन गर्न सकिने अवस्था छैन", उहाँले भन्नुभयो, "सामान्य खेल अभ्यासका लागि पनि पूर्वाधार अभाव छ ।" पोखरा महानगरको खेलकुद विकास समितिका पदाधिकारी बजेट अभावले रङ्गशाला बन्न नसकेको बताउँछन् । आठ वर्षअघि रङ्गशालाभित्र निर्माण थालिएको बहुउद्देश्यीय कभर्ड हल पनि बजेट नहुँदा अलपत्र परेको छ । बजेट नहुँदा कभर्ड हल निर्माण तीन वर्षदेखि ठप्प छ । हालसम्म त्यसमा रु एक करोड १० लाख खर्च भइसकेको छ । आव २०७४ र २०७५ मा गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालयबाट रु ११ लाख बजेटबाट कभर्ड हलको काम सुरु भएको थियो । राष्ट्रिय खेलकुद परिषद्ले रु ५० लाख, प्रदेशको युवा तथा खेलकुद मन्त्रालयले रु २५ र तत्कालीन प्रदेशसभा सदस्य दीपक कोइरालाको निर्वाचन क्षेत्र विकास कार्यक्रमबाट रु २५ लाख बजेट खर्च भइसकेको छ । उक्त बजेटबाट भुइँतलाको पिलर र पर्खाल बनाइएको छ । पोखरा-२९ का वडाध्यक्ष श्रीप्रसाद गुरुङले रङ्गशालामा पूर्वाधार तयार गर्न महानगर, प्रदेश र सङ्घ सरकारको लगानी चाहिने बताउनुभयो ।

खेलकुद हेर्ने निकाय र खेल पदाधिकारीको उपेक्षामा लेखनाथ रङ्गशाला परेको उहाँको टिप्पणी छ । "राज्यको स्रोतसाधन जुटाएर लेखनाथ रङ्गशालालाई अन्तर ाष्ट्रिय मापदण्डअनुसार विकास गर्नुपर्छ", उहाँले भन्नुभयो । लेखनाथ रङ्गशालालाई पूर्वाधार सम्पन्न बनाउन पोखरा महानगरले अगुवाइ गर्नुपर्ने स्थानीयवासीको माग छ । कास्की जिल्ला खेलकुद विकास समितिका अध्यक्ष तोरणबहादुर बानियाँले पोखरालाई खेल पर्यटनको गन्तव्यका रूपमा विकास गर्नुपर्ने बताउनुभयो । "खेल क्षेत्र सरकारको कम प्राथमिकतामा छ, पोखराको खेलकुद विकासमा प्रदेश सरकारले पनि वेवास्ता गरिरहेको छ", उहाँले भन्नुभयो ।

## पोखरामा गाउँगाउँबाट कृषि 'एम्बुलेन्स'ले ल्याउँछ तरकारी

**पोखरापत्र संवाददाता**
पोखरा, १५ साउन

पोखरा महानगरपालिका-७ माछापुच्छ्रे टोलकी आस्था गिरी सोमबार साँझ आफ्नै घरछेउमा थरिथरिका तरकारी किन्न पाउँदा मख्ख हुनुहुन्थ्यो । त्यहाँ उहाँजस्ता धेरै गृहिणीको तरकारी किन्न भीड नै लागेको थियो । कृषि एम्बुलेन्सले गाउँगाउँबाट लिएर आएका तरकारी बिक्रीका लागि पोखरा महानगरपालिकाले वडा नं ७ को रत्नचोकमा सोमबारदेखि किसान बजार सञ्चालनमा ल्याएपछि उपभोक्तामा खुसी छाएको छ । फर्सीका मुन्टा, गोलभैँडा, करेलालगायत तरकारी हातमा लिएर आस्थाले भन्नुभयो, "पृथ्वीचोकतिर पुगेर तरकारी ल्याउने गरेका थियौँ, यसरी घर नजिकै छानीछानी ताजा तरकारी पाउँदा खुसी लागेको छ । यो बजार निरन्तर सञ्चालन भए अझ दैनिक ताजा तरकारी पाइथ्यो कि ?" स्थानीय उत्पादन उपभोगलाई प्रवर्द्धनका लागि पोखरा महानगरपालिकाले पोखराका विभिन्न स्थानमा किसान बजार सञ्चालनमा ल्याएको छ ।

महानगरले गाउँमा उत्पादन भएका कृषि उपज बजारसम्म ल्याउनका लागि कृषि एम्बुलेन्स सञ्चालनमा ल्याएको छ । कृषि एम्बुलेन्सले महानगरका ग्रामीण बस्तीमा उत्पादित तरकारी निःशुल्क रूपमा बजारमा बिक्री वितरणमा सहयोग पुगेको छ । गत वर्षदेखि महानगरले कृषि एम्बुलेन्स सञ्चालनमा ल्याएको थियो ।

कृषि एम्बुलेन्सले उत्पादक र उपभोक्तालाई जोड्ने काम गरेको महानगर कृषि तथा आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरियाले बताउनुभयो । उहाँका अनुसार पोखराका सात ठाउँमा सातामा एक दिन किसान बजार सञ्चालन हुने गरेकामा माग बढ्दै गएकाले केही वडामा सातामा दुई दिन बजार सञ्चालन हुने गरेको छ । ग्रामीण भेगका साना किसानले उत्पादन गरेको कृषि उपज सङ्कलनका लागि महानगरका २१ स्थानमा सङ्कलन केन्द्र स्थापना गरिएको र ती ठाउँमा एम्बुलेन्स पुगेर कृषि उपज बजारमा ल्याउने गरेको महाशाखा प्रमुख कडरियाले बताउनुभयो । "ठूला किसानले आफ्नै गाडीबाट ल्याएर बजारमा बिक्री गरे पनि साना किसानले त्यसरी बिक्री गर्न सक्दैनन् । अहिले किसानले आफूले उत्पादन गरेका कृषि उपज सङ्कलन केन्द्रमा लिएर आउनुहुन्छ, कृषि एम्बुलेन्सले त्यहाँबाट बजारसम्म ल्याउने गर्दछ । अहिले उत्पादकको उत्पादनले राम्रो बजार पाएको छ भने उपभोक्ताले स्वस्थ, विषादीरहित र ताजा कृषि उत्पादन उपभोग गर्न पाउनुभएको छ", प्रमुख कडरियाले भन्नुभयो । कृषि एम्बुलेन्स सञ्चालनसँगै बजारका उपभोक्ताले विषादीरहित ताजा तरकारीउपभोगगर्नपाएकोबताइन्छ। बाहिरबाट ल्याउँदा तरकारी क्षति हुने, प्रदूषित हुने गरेकामा अहिले एकदेखि दुई घण्टामा उत्पादकदेखि उपभोक्तासम्म आइपुग्ने अवस्था रहेको महाशाखा प्रमुख कडरियाले बताउनुभयो । उहाँले भन्नुभयो, "बाहिरबाट तरकारी ल्याउँदा क्षति हुने गरेको थियो । प्रदूषितसमेत हुन्थ्यो । चिस्यान सुविधासहितको एम्बुलेन्समा राखेर ल्याउँदा तरकारी बिग्रँदैन । एक-दुई घण्टामा उत्पादकदेखि उपभोक्तासम्म आउने गरेको छ ।" कृषि उपजमा हुने क्षति कम, उत्पादन क्षेत्रदेखि बजार केन्द्रसम्म सुरक्षित उपज ढुवानी, बजारीकरण र बिचौलियापनको अन्त्य, किसानलाई तरकारी बजारसम्म पुर्‍याउन हुने तनावको अन्त्य, स्थानीय उत्पादनलाई प्रोत्साहन र उपभोक्ताको घरघरमा ताजा तरकारीको उपलब्धतामा एम्बुलेन्सले सहयोग पुगेको बताइन्छ ।

## देशभर गएर जनताको समस्या बुझ्छु : अध्यक्ष दाहाल

**रासस**
काठमाडौं, १५ साउन

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले केन्द्रीय समितिको बैठकपछि आफू देशभर जनतामाझ जाने बताउनुभएको छ ।

पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा पदाधिकारीको बैठकलाई सम्बोधन गर्दै उहाँले जनसम्बन्ध विस्तार गर्ने लक्ष्यका साथ आफू जनतामाझ जाने बताउनुभएको हो । सङ्गठन विस्तार गर्ने, पार्टी नेता तथा तल्ला तहका कार्यकर्ताको भावना बुझ्ने र पार्टीलाई नयाँ आधारमा रुपान्तरण गर्ने लक्ष्यका साथ आफू देशभर विशेष कार्यक्रम लिएर जाने योजनामा रहेको अध्यक्ष दाहालले बताउनुभएको प्रवक्ता एवं उपाध्यक्ष अग्नि सापकोटाले जानकारी दिनुभयो ।

सरकारमा रहँदा जनतासँग पार्टीको सम्बन्ध टुटेको भन्ने नेताहरुको भनाइपछि अध्यक्ष दाहालले नयाँ आधारमा जनसम्बन्ध विस्तार गर्ने लक्ष्यका साथ आफू र पार्टीका शीर्ष नेता देशभर जानैपर्ने बताउनुभयो ।

आगामी निर्वाचनमा माओवादी केन्द्रले कुनै पनि दलसँग गठनबन्धन नगरी निर्वाचनमा सहभागी हुने बताएको छ । कम्युनिष्ट र बृहत् वामपन्थी एकताको लक्ष्यलाई नछाड्ने ठहर गर्दै सो पार्टीले जनताको भावना र चाहनाअनुसार पार्टीलाई प्रभावकारी बनाउने निष्कर्ष निकालेको छ । सरकारमा रहँदा सुशासन र सामाजिक न्यायका पक्षमा सञ्चालन गरेको कामलाई जनतामाझ लैजाने र भ्रष्टाचार नियन्त्रणका सन्दर्भमा सञ्चालित अभियानलाई निरन्तरता दिन सरकारलाई जनस्तरबाट दबाव दिने निष्कर्षसमेत बैठकले निकालेको प्रवक्ता सापकोटाले बताउनुभयो । सङ्घीय संसद्मा प्रभावकारी रुपमा प्रमुख प्रतिपक्षीको भूमिका निर्वाह गर्ने, त्यसका लागि जनताका दैनिक समस्यालाई प्रभावकारी रुपमा राख्ने र समाधानका लागि सरकारलाई दबाव दिने योजना माओवादी केन्द्रले बनाएको छ ।

आफूहरुलाई जनतामा जाने सुवर्ण अवसर प्राप्त भएको निष्कर्ष निकाल्दै माओवादी केन्द्रले आगामी केन्द्रीय समितिको बैठकपछि पार्टीको शीर्ष नेतृत्व नै देश दौडाहामा लाग्ने जनाएको छ । माओवादीले यही साउन २५ गते स्थायी समितिको बैठक


बाँकी अन्तिम पृष्ठमा ▶▶


## पोउवा संघको महाधिवेशन भदौ अन्तिम साता

**पोखरापत्र संवाददाता**
पोखरा, १५ साउन

पोखरा उद्योग वाणिज्य संघको ७० औं वार्षिक साधारण सभा तथा ३५ औं अधिवेशनको मिति तय भएको छ । संघका अध्यक्ष पवनकुमार प्रजापतिको अध्यक्षतामा मंगलबार बसेको संघको २६ औं कार्यसमिति बैठकले भदौ २८ र २९ गते महाधिवेशन गर्ने निर्णय गरेको हो । महाधिवेशनअन्तर्गत भदौ २९ गते हुने निर्वाचन कार्यक्रमको लागि पूर्वअध्यक्ष कृष्णमोहन श्रेष्ठलाई निर्वाचन संयोजकको जिम्मेवारी दिएको छ । निजी क्षेत्रको प्रतिनिधिमूलक एवं पोखराको जेठो सामाजिक संस्थाको रुपमा परिचित संघको महाधिवेशन घोषणासँगै चुनावी माहौल सुरु भएको छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## बाढि र पहिरोमा परी १४ जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १५ साउन

यस वर्षको पछिल्लो मनसुनपछि आएको अविरल वर्षाले स्याङ्जामा हालसम्म १४ जनाको मृत्यु भएको छ । १४ जनाको मृत्युसँगै बाढि तथा पहिरोमा परी ९ जना घाईते भएका छन् । उद्धार र उपचारपछि घाईतेहरु घर फर्किएका छन् ।



मृत्यु हुनेमा पुतलीबजार नगरपालिकाका ४, बिरुवा गाउँपालिकामा ३, फेदिखोला गाउँपालिकाका २, अर्जुनचौपारी गाउँपालिकामा २ जना, भिरकोट नगरपालिकामा २ जना, र आँधीखोला गाउँपालिकामा १ जनाको मृत्यु भएको हो । जिल्लाका ११ पालिका मध्ये अन्य पालिकामा भने मानविय क्षति भएको छैन् । त्यस्तै अविरल बर्षाका कारण ५४ पशुचौपायाको मृत्यु भएको छ । जिल्लामा ३ सय ९२ घर खोजिममा रहेका छन् भने १५ घर पुर्ण रूपमा क्षति भएको जिल्लास्थित विपद् व्यवस्थापन समितिले जनाएको छ । समितिका अनुसार ८३ गोठ जोखिममा रहेका छन् ।

मानवी क्षति भएमा संघीय सरकारले दिने प्रतिव्यक्ति दुई लाख र प्रदेश सरकारले दिने ५० हजार राहत रकम प्रभावित परिवारलाई प्रमुख जिल्ला अधिकारी मार्फत हस्तान्तरण गरिएको छ । राहत रकम प्रभावित परिवारको घरमै पुगेर प्रजिअ सुनिता नेपालले हस्तान्तरण गरेकी हुन् ।

उता नेपाली काङ्ग्रेका उपसभापति एवं पुर्वमन्त्री धनराज गुरुङ्ले जिल्लामा भएको क्षतिको अवलोकन गरेपछि प्रभावित परिवारलाई राहत स्वरुप १०/१० हजार रुपैयाँ ब्यक्तिगत रुपमा सहयोग गरेका छन् । अविरल बर्षाले बिरुवा गाउँपालिका ६ लामाखेतमा आएको पहिरोमा पुरिएर ६५ वर्षीया गुह्येश्वरी शर्माको मृत्यु भएपछि अभिभावक बिहिन भएका १४ बर्षका रोशन शर्मालाई पुर्वमन्त्री गुरुङले १२ कक्षासम्म निःशुल्क पढाउने प्रतिबद्धता समेत जनाएका छन् । अविरण वर्षापछि आएको बाढि र पहिरोले जिल्लाका हजारौ हेक्टर खेतियोग्य जमिन सखाप भएको छ । दुई दर्जन ग्रामिण सडक क्षतविक्षत भएका छन् भने कुलो तथा नहरसँगै अन्य भौतिक संरचनामा करोडौ मुल्य बराबरको क्षति पुगेको छ ।

# नवलपुरकी झेंडीमगरलाई मौलिक कौराहा संरक्षण पत्रकारिता पुरस्कार

**पोखरापत्र संवाददाता**
पोखरा, १५ साउन

नेपाल मगर पत्रकार संघ कास्कीले सञ्चालन गर्दै आएको 'राष्ट्रिय मौलिक कौराहा संरक्षण पत्रकारिता पुरस्कार-२०८१' नवलपुरकी पत्रकार शारदा झेंडी मगरलाई अर्पण गरिएको छ।

राष्ट्रिय मौलिक कौराहा संरक्षण समितिमार्फत स्थापित मौलिक कौराहा संरक्षण पत्रकारिता पुरस्कार नेपाल मगर पत्रकार संघ कास्कीको तेस्रो अधिवेशनको अवसरमा झेंडी मगरलाई अर्पण गरिएको हो। उनलाई कार्यक्रमका प्रमुख अतिथिसमेत रहेका गण्डकी प्रदेश सभा सदस्य तथा पूर्व आन्तरिक मामिला तथा कानूनमन्त्री रोशन गाहामगरले दोसल्ला, सम्मानपत्र र नगद रु १० हजारसहित पुरस्कार अर्पण गरे। सो अवसरमा बोल्दै गाहामगरले मगर समुदाय शैक्षिक क्षेत्रमा कमजोर रहेकै कारण राजनीतिक तथा प्रशासनीक पहुँचबाट पछाडि परेको धारणा राखे । सांसद गाहामगरले जनसंख्याको आधारमा मगर



समुदाय तेस्रो समुदाय भएपनि शिक्षामा कमजोर हुँदा राज्यको नीति निर्माण तहमा पछाडि परेको उल्लेख गरे।

'नेपालको जनसंख्या अनुसार मगर जाति तेस्रो स्थानमा रहेको छ, जनसंख्यामा मात्र धेरै भएर भएन', सांसद गाहामगरले भने, 'जनसंख्याको आधारमा मात्र धेरै भएर भने, हामी शिक्षामा पनि अगाडि बढ्न आवश्यक छ । शिक्षामा कमजोर हुँदा नै हामी राज्यको नीति निर्माण तहमा पछाडि परेका छौं।' उनले राज्यको निर्णायक तहमा पुग्नका लागि मगर समुदाय राजनीतिमा आउनुपर्ने बताए । उनले मगर समुदायको मात्र नभएर आदिवासी समुदायको संस्कार -सस्कृति पुस्तातन्रण गर्न आवश्यक रहेको बताए। सांसद गाहामगरले मगर समुदायको भाषा संरक्षण लोप हुन लागेकाले संरक्षणमा चासो देखाउन आवश्यक रहेको उल्लेख गरेका थिए।

यस्तै राष्ट्रिय मौलिक कौराहा संरक्षण पत्रकारिताबाट पुरस्कृत शारदा झेंडी मगरले मगर समुदायको मौलिक कला संस्कृति संरक्षण र पुस्तातन्तरण हुन आवश्यक रहेको बताएकी थिइन् । नेपाल आदिवासी जनजाति पत्रकार मह ासंघ (फोनिज) गण्डकी प्रदेशका अध्यक्ष तथा 'राष्ट्रिय मौलिक कौराहा संरक्षण पत्रकारिता पुरस्कार-२०८१'छनौट समितिका संयोजक रुद्र श्रीस मगरको संयोजकत्वमा गठित ५ सदस्यीय समितिले पत्रकार झेंडी मगरलाई यस वर्षको पुरस्कार अर्पण गर्न सिफारिस गरेको थियो । २०७५ सालमा स्थापना भएको पुरस्कारबाट यस अगाडि कमला राना मगर (नवलपुर), तिलक पुन पुर्जा (कास्की), प्रताप रानामगर (तनहुँ), मानबहादुर घर्तीमगर 'एमबी आस्था' (कास्की), मनोज घर्तीमगर (कास्की), खेम सारुमगर (कास्की) पुरस्कृत भइसकेका छन्।

पुरस्कृत झेंडी मगर बुद्धदर्शन टेलिभिजनमा स्टेशन म्यानेजरको भूमिकामा रहेकी उनी रेडियो मध्यविन्दु र नवलपुर टाइम्समा सम्पादकको रुपमा कार्यरत छिन् । राष्ट्रिय मौलिक कौराहा संरक्षण पत्रकारिता पुरस्कार मगर जातिको भाषा, कला, धर्म, रितिरिवाज तथा संस्कार-सस्कृति र कौराहा संरक्षणको क्षेत्रमा कलम चलाउँदै आएका पत्रकारहरुलाई वार्षिक रुपमा प्रदान गर्दै आएको छ।




रोटरी लेकसाइडको वृक्षारोपणः रोटरी क्लव अफ पोखरा लेकसाइड र बाबा फाउन्डेशनको संयुक्त आयोजनामा हालै पोखरा -१३ मुल स्थित पाखोमा बृक्षरोपण गरिएको छ। वृक्षारोपणमा रोटरी क्लव अफ पोखरा लेकसाइडका अध्यक्ष उपेन्द्र अधिकारी, पोखरा-१३ कुलायन टोल विकास संस्थाका कोषाध्यक्ष माधव वराल, बाबा फाउन्डेशनका सचिव टंक अधिकारी लगायत क्लवका सदस्यहरु तया पारिवारिक सदस्यको उपस्थित रहेको थियो। तस्वीरः पोखरापत्र

# बराल डाँडा तमु समाजको अध्यक्षमा जुमप्रसाद र आमा समुहमा दुर्गा

**पोखरापत्र संवाददाता**
पोखरा, १५ साउन

पोखरा महानगरपालिका वडा नं १२ शितलादेवी स्थित बराल डाँडा तमु समाज सेवा समितिको ३९ औ वार्षिक साधारण सभाले हालै जुम प्रसाद गुरुङलाई अध्यक्ष पदमा चयन गरेको छ।

समितिको उपाध्यक्षमा कुमन सिंह गुरुङ, सचिवमा नर जङ गुरुङ, कोषाध्यक्षमा सु. मान गुरुङ, सह सचिवमा राज कुमार गुरुङ चयन हुनु भएको छ। सदस्यहरुमा क्रमश सु. डमर वहादुर गुरुङ, ओम प्रसाद गुरुङ, नर बहादुर गुरुङ, कृष्ण वहादुर गुरुङ, मिना गुरुङ र हरिमया गुरुङ रहनु भएको छ।

समितिको सल्लाहकारमा इन्सपेक्टर धन प्रसाद गुरुङ, क्या.





ढोल वहादुर गुरुङ र सु. टंक वहादुर गुरुङ सोही दिन चयन हुनु भएको छ।

त्यसैगरी सोही दिन बराल डाँडा तमु समाज सेवा समितिको आमा समुहको अध्यक्षमा दुर्गा गुरुङ चयन हुनु भयो। समुहको उपाध्यक्षमा धन माया गुरुङ, सचिवमा शान्ति गुरुङ, कोषाध्यक्षमा तीर्थ गुरुङ, सह सचिवमा प्रमिला गुरुङ रहनु भएको छ।

आमासमुहको सदस्यहरुमा क्रमश मसिन कुमारी गुरुङ, सन्त गुरुङ अमृता गुरुङ, सुर्य कुमारी गुरुङ, सुन कुमारी गुरुङ र सहयोगी सदस्य हसिना गुरुङ रहनु भएको छ। आमा समुहको समितिको सल्लाहकारमा टिका गुरुङ र गोमा गुरुङ हुनुहुन्छ।

# रोट्र्याक्ट कल अफ पोखरा लेकसाइडको आठौं पदस्थापन सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १५ साउन

रोट्र्याक्ट क्लव अफ पोखरा लेकसाइडको आठौं पदस्थापना समारोह हालै सम्पन्न भयो।

२०२४-२५ को लागि अध्यक्षमा ई आशिश पौडेल, निवर्तमान अध्यक्ष रोहित दाहाल, प्रथम उपाध्यक्षमा गणेश गौतम, द्धित्तिय उपाध्यक्षमा विपना मर्सानी, सचिवमा नम्रता लम्साल, कोषाध्यक्षमा सुशान्त तिवारी, सह कोषाध्यक्षमा बिपना थापा मगर, सह सचिवमा सिम्रन पराजुली, क्लव मेन्टरमा बिकल्प केसी, फाउण्डेशन चियरमा ई राज राना, क्लव एडमिनीष्ट्रेशन चियरमा सुजन ढुङना, सर्भिस चियरमा बिकल पौडेल, प्रोफेश्नल चियरमा सोनीय शर्मा, अन्तर्राष्ट्रिय चियरमा भावना आचार्य, मेम्बरसिप चेयरमा दिवस पौडेल, लनिङफेसिलेटरमा साजन गुप्ता, रोटरी युथ सम्पर्क लिडरमा अशोक काफ्ले, प्रमोशन चियरमा सागर थापा, सजेन्ट एट आम्समा प्रतिक्षा थापा, आइटी अफिसरमा आयुस अर्याल, मिडिया संयोजकमा प्रदिप्ती केसी, इन्टरऱ्याक्ट संयोजक कर्तिना बस्नेत, फण्ड



राइजीङ चियर सुन्दर पौडेल, फेलोसिप चियर कन्चन भुजेल र इभेन्ट व्यवस्थापन चियरमा मिलन पौडेल रहनु भएको छ।

क्लवमा टोटल सदस्य ५० जना निवतर्तमान अध्यक्ष रोहित दाहालको सफल कार्यकाल पछि नयाँ नेतृत्वलाई परिचय तथा स्वागत गरिएको हो । गण्डकी विश्वविद्यालयका डिन डा. कपिल अधिकारी, रोटरी क्लब अफ पोखरा लेकसाइडका अध्यक्ष रोटरियन उपेन्द्र अधिकारी, रोट्र्याक्ट डिस्ट्रिक्ट ३२९२ एडीआरआर विश्वदर्शन पराजुली, जेडआरआर डा. अनुपा वाग्ले र रोटरी क्लव अफ पोखरा लेकसाइडका निवर्तमान अध्यक्ष शोभाकान्त सिग्देल लगायत व्यक्तिहरुले शुभकामना व्यक्त गर्नु भयो।

सन् २०२४-२५ का अध्यक्ष पौडेलले यस वर्ष यो एक सम्झनामा रहने रोटरी वर्ष हुनेछ किनकि हामी यसलाई ऐतिहासिक वर्ष बनाउनका लागि उत्कृष्ट मापदण्डहरु राख्ने योजना रहेको भन्नु भयो । कार्यक्रममा क्लवका सचिव नम्रता लम्साल र सदस्य अशिष पौडेलले साहित्य मय भाकामा संचालन गर्नु भएको थियो । यस ऐतिहासिक यात्रा पहिले नै सुरु भइसकेको छ। क्लबले ६ वर्ष पछि वार्षिक पत्रिका प्रकाशित गरेको छ, जुन यस वर्षको मुख्य आकर्षण हो । साथै प्लास्टिकको प्रयोग घटाउने र आर्थिक प्रगतिको उद्देश्यले क्लबले प्रत्येक वर्ष हरेक कार्यक्रममा पुनः प्रयोग गर्न सकिने टिकाउ कपडाको ब्यानरको पनि उद्घाटन गरिएको छ।

# नेपाली पौडीबाज एलेक्जेन्डरको राष्ट्रिय कीर्तिमान

**रासस**
काठमाडौं १५ साउन

नेपाली पौडीबाज एलेक्जेन्डर शाहले पेरिस ओलम्पिक-२०२४ को पुरुष एक सय मिटर फ्रिस्टाइलमा आज नयाँ राष्ट्रिय कीर्तिमान कायम गरेका छन्।

फ्रान्सको पेरिस ला डिफेन्स एरिनामा भएको खेलमा निर्धारित दूरी ५१.९१ सेकेन्डमा पूरा गर्दै आफ्नै नाममा रहेको ५२.१७ सेकेन्डको कीर्तिमानमा सुधार गरेका हुन्।

मंगलबार पुरुष एक सय मिटर फ्रि-स्टाइलमा उनले प्रतिस्पर्धा गरेका आठ खेलाडीले प्रतिस्पर्धा गरेको हिट ३ मा उनले ५१.९१ सकेन्डको समय निकालेका हुन्। उनी हिट ३ मा तेस्रो भएका हुन् । सोही स्पर्धामा जम्मा ७९ खेलाडीले भाग लिएका थिए।

जसमा एलेक्जेन्डर ५९औँस्थानमारहे।एलेक्जेन्डरसँगै ओलम्पिकमा टेबलटेनिसका श्यान्दु श्रेष्ठ, सुटिङकी सुस्मिता नेपाल, पौडीकी डुवाना लामा र जुडोकी मनिता श्रेष्ठ प्रधान पहिलो चरणबाटै बाहिरिएका छन्।

# मगर पत्रकार संघ कास्कीको अध्यक्षमा सुरज थापामगर

**पोखरापत्र संवाददाता**
पोखरा, १५ साउन

नेपाल मगर पत्रकार संघ कास्कीको अध्यक्षामा सुरज थापामगर सर्वसम्मत चयन भएका छन्।

मगर पत्रकार संघ कास्कीको तेस्रो जिल्ला अधिवेशनबाट सुरज थापामगरको अध्यक्षतामा १३ सदस्य कार्यसमिति सर्वसम्मत चयन गरेको हो।

उपाध्यक्षमा चेतबहादुर थापा (प्रविण), सचिवमा




कविता घर्तीमगर, सहसचिवमा बलबहादुर रोकामगर र कोषाध्यक्षमा सुमन थापामगर चयन भए। यस्तै सदस्यहरुमा दुर्गा रानामगर, आशामाया मगर, राकेश थापामगर, सोनु थापामगर, राज बुढामगर र जुना थापामगर चयन भए।

संघको बैठकले २ जना सदस्य मनोनित गर्नेछ।

## देशभर ...

बोलाएको प्रवक्ता सापकोटाले जानकारी दिनुभयो। देशभक्त, अग्रगामी शक्तिसँग सहकार्य गर्ने, देश र जनताको समस्या समाधानमा पहल गर्ने र बृहत् वामपन्थी एकताका अलावा कम्युनिष्ट पार्टीको पुनःगठनलाईसमेत अगाडि बढाउने विषयमा पदाधिकारी बैठकले बृहत् छलफल गरेको प्रवक्ता सापकोटाको भनाइ छ। गत शुक्रबारदेखि सुरु भएको माओवादी केन्द्रको पदाधिकारीको बैठक आज सम्पन्न भएको हो।

**कपालको उपचार**
**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**
**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्युरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**
**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर काालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय विताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस।
– सास लिभोसन

## सम्पादकीय

# कर्मचारीको मनोवल बढाउ

नेपाली जनतामा जुन सरकार आएपनि उस्तै हुन छिटोछरितो तरिकाले काम हुँदैन भन्ने परेको छ । राजनीतिक अस्थिरताले गर्दा सरकार परिवर्तन भइरहने गरेको छ । स्थायी सरकार भनेको कर्मचारी तन्त्र हो । स्थायी सरकारको रुपमा चिनिएको कर्मचारी तन्त्रलाई चलाउनेमा भर पर्छ।कर्मचारी तन्त्रले गर्दा सरकारले चाहेको गर्न पाएकोछैन । साना दलहरूलाई रिझाउन जस्तासुकै शर्त मान्नुपर्ने अवस्थाले गर्दा सरकारले चाहेको जस्तो काम देखाउन सकेको छैन ।

जनतालाई सरकार परिवर्तनको आभास दिलाउन खोजेको छासरकारले केही न केहीमा सुधार गर्छभन्ने विश्वास दिलाउन खोजेको छ । प्रधानमन्त्री केपी ओलीले मुलुकको गम्भीर परिस्थितिमा दुई प्रमुख दलको सहभागितामा सरकार बनेकाले यसलाई असफल हुने छुट नरहेको र छुट हुन नदिने बताएका छन् । नेपाल सरकारका सचिवहरूलाई मंगलबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा निर्देशन दिँदै प्रधानमन्त्री केपी शर्मा ओलीले सेवा प्रवाहमा सुधार ल्युउन निर्देशन दिएका छन् । 'यी दुई पार्टी मुलुकको आर्थिक, सामाजिक रूपान्तरणमा विशेष योगदान दिँदै आएका पार्टी हुन् । उपप्रधानमन्त्री, मन्त्रीहरूलगायत विशिष्ट पदाधिकारी सहभागी बैठकमा प्रधानमन्त्री ओलीले भने, 'असफल हुँदैन भनेर हामी हातमा हात बाँधेर आरामले बसेरचाहिँ सफल हुँदैन । भाग्यमा छ भन्दैमा डोकोमा दुध दोहेर अडिँदैन । हामीले सफलताको संकेत यस आर्थिक वर्षमा दिनुपर्छ । अर्को आर्थिक वर्षमा त्यो सफलता बढाउँदै लानुपर्छ ।

यो सरकार एक्सन ओरिएन्टेड सरकार हो । देशका लागि केही गरौँ भन्ने अठोट भएको सरकार हो । यसले को पक्ष को प्रतिपक्ष भन्ने आधारमा भेदभाव गर्दैन । विनाआग्रह मूल्यांकन गरेर निर्णयमा जान्छ ।' प्रधानमन्त्री ओलीले आफूले सहमतिबमोजिम दुई वर्ष पुग्ने एक साताअघि राजीनामा दिने र त्यसपछि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा सरकार बनाएर स्थिरताको सन्देश दिने स्पष्टिकरण दिएएका छन।कर्मचारीले सहज तरिकाले बुझ्न सकिने सन्देश प्रवाह हुन आवश्यक छ । यो सबैले चाहिरहेका हुन् । 'त्यसकारण यो सरकार ढल्ने त के, ढलपल पनि हुँदैन ।

कर्मचारीहरूले ढुक्कले ठीक काम गर्नुस्, सरकारले त्यसको उत्तरदायित्व लिन्छ,' प्रधानमन्त्रीले भने । उनले 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षाबमोजिम जनतालाई प्रभावकारी सेवा दिन, भोकमरी, भ्रष्टाचार र कुशासन हटाउँदै विकासको गतिलाई तीव्रता दिन योजनाबद्ध काम गर्न निर्देशन दिएका छन।सरकारको काम कहिले हट्ला भन्ने मानसिकता हटाएर जनताका सेवक हुन भन्ने व्यवहारबाट दिखनुपर्दछ ।

# नाचगान गरेर जुटाएको रकम सामाजिक सेवामा

**पोखरापत्र संवाददाता**
म्याग्दी, १५ साउन

म्याग्दीको बेनी नगरपालिका-४ को उपल्लो तातोपानी बजारका बासिन्दाले नाचगान गरेर जुटाएको रकम सामाजिक काममा परिचालन गरेका छन् ।

उपल्लो तातोपानीमा रहेको टोल विकास संस्था र जलमाई भगवती आमा समूहले प्राकृतिक तातोपानी कुण्डमा स्नानका लागि र विदेशबाट जन्मथलो आएका लाहुरेहरूको स्वागतका लागि हरेक शुक्रबार सांस्कृतिक कार्यक्रम गर्छन् । नाचगान गरेर पाहुना र लाहुरेहरूबाट जुटाएको सहयोग रकमबाट सिसीटिभी क्यामेरा जडान, विश्रामस्थल, सडकबत्ती, फोहर व्यवस्थापनलगायत काममा खर्च गरिएको उपल्लो तातोपानी टोल विकास संस्थाका अध्यक्ष मुक्तिप्रसाद जुग्जालीले बताउनुभयो । "तातोपानीमा हरेक शुक्रबार साँझ हुने सांस्कृतिक कार्यक्रम नाचगान गरेर जुटाएको रकम सामाजिक कामका लागि सहयोगी बनेको छ", उहाँले भन्नुभयो, "सांस्कृतिक कार्यक्रमले मौलिक लोक संस्कृतिको पुस्तान्तरण र संरक्षणमा पनि सहयोग पुगेको छ ।" अध्यक्ष जुग्जालीका अनुसार नाचगान गरेर जुटाएको रु दुई लाख ८६ हजार र ७६ घरपरिवारबाट रु एक हजार पाँच सयका दरले सङ्कलन गरेको रकमबाट रु चार लाख खर्चेर उपल्लो तातोपानी बजारको सुरक्षाका लागि हालै १६ ठाउँमा सिसीटिभी क्यामेरा जडान गरिएको छ । सो सिसीटिभी क्यामेरामा एक महिनासम्मको आवाजसहितको भिडियोलाई भण्डारण गर्ने क्षमता रहेको छ । केही दिनअघि उपल्लो तातोपानीमा भएको चोरीको घटनामा संलग्नलाई सिसीटिभी क्यामेराको फुटेजका आधारमा तत्कालै पक्राउ गरेर प्रहरीलाई बुझाएको जलमाई भगवती आमा समूहका सचिव मीना जुग्जाली गर्बुजाले बताउनुभयो ।

आमा समूह र टोल विकास संस्थाले गत तिहारमा देउसीभैलो खेलेर जुटाएको रकमबाट उपल्लो बजारबाट तातोपानी कुण्डमा जाने सडकको डिलतर्फ रेलिङ र विश्रामस्थल बनाएका छन् । यसअघि सडक किनारामा फूलका बिरुवा रोपिएको र सडकबत्ती जडान गरेर उज्यालो पारिएको संस्थाका उपाध्यक्ष मीना पुन बुढाथोकीले बताउनुभयो । उपल्लो तातोपानीमा बसोबास गर्ने सेवानिवृत्त भूतपूर्व गोर्खा सैनिकहरूले हालै रु पाँच लाख खर्चेर दुईवटा प्रतिक्षालय बनाएका छन् । सो प्रतिक्षालयबाट स्थानीयवासी, तातोपानीमा आउने पाहुना र बेनी-दरवाङ सडकमा यात्रा गर्ने यात्री लाभान्वित भएका छन् । कुण्डचोकमा सार्वजनिक शौचालय बनाउने योजना रहेको उपाध्यक्ष बुढाथोकीले बताउनुभयो । बिरेनुनको गन्ध आउने पानी सङ्कलन गरिएको पोखरीमा स्नान गरेर छाला, ग्यास्ट्रिक, बाथ, चोटपटक लागेको स्वास्थ्य समस्या निको हुने जनविश्वासका साथ गत वर्ष नेपालका ५९ जिल्ला, भारत, रसिया, फ्रान्स र जापान ४४ हजार जनाभन्दा बढी स्नानका लागि तातोपानी आएका थिए ।

# घार्मीमा लायन्सको वृक्षरोपण

**पोखरापत्र संवाददाता**
पोखरा, १५ साउन



पोखराको पर्यटकिय गाँउ घार्मीमा वृक्षरोपण तथा सरसफाई गरिएको छ ।

लायन्स क्लव अफ पोखरा फेवा फुलवारीले घार्मीको ओमकारेश्वर महादेव मन्दिर परिसरमा वृक्षरोपण गर्नुको साथै लायन्स पार्कमा गोडमेल तथा सरसफाई गरेको हो । त्यहाँ लालीगुँराश, धुपी, तेजपत्ता, पारिजात लगायतका विभिन्न प्रजातिका विरुवा रोपिएको कार्यक्रम संयोजक गोविन्दराज अधिकारीले जानकारी दिए । यस अघि क्लवका अध्यक्ष गणेशवहादुर कार्कीलाई कार्यक्रमका प्रमुख अतिथी लायन्स अन्तर्राष्ट्रिय डिस्ट्रीक ३२५ जेका डिस्ट्रीक ट्रेजर लायन कल्पना थापाले विरुवा हस्तान्तरण गरी कार्यक्रमको उद्घाटन गरिन् ।कार्यक्रममा वोल्दै लायन थापाले वातावरण संरक्षणको क्षेत्रमा लायन्स क्लव अग्रणी संस्था रहेको वताउँदै, पर्यटकीय क्षेत्रलाई थप आर्कषक वनाउन आफुले पनि भुमिका खेल्ने वताईन । उनले क्लवले ल्याएका योजनालाई डिस्ट्रीकमा छलफल गराउने स्पष्ट पार्दै, यस क्षेत्रको विकास हुने गरी थप योजना वनाउन सुझाव दिईन् । ओमकारेश्वर महादेव मन्दिर व्यवस्थापन समितिका अध्यक्ष ढुण्डिराज पौडेलले मन्दिर परिसरमा रहेको लायन्स पार्कलाई थप आर्कषक र व्यवस्थित गर्न आग्रह गरे । क्लवका अध्यक्ष गणेशवहादुर कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा जोन चेयर पर्सन दामोदर वराल, क्लवका पुर्व अध्यक्ष लायन कुन्दनराज शर्मा, लायन माधव कँडेल, लायन गुरु पौडेल,लायन संजय वस्नेत, कार्यक्रम संयोजक लायन गोविन्दराज अधिकारी, सचिव लायन दिपक केसी, मन्दिरका सचिव तेजेन्द्र पौडेल, समाजसेवी लिला पौडेल, पिताम्वर पौडेल, मन्दिरका मुल पुजारी रामचन्द्र पौडेल लगायतले पछिल्लो समय वातावरणमा परेको प्रभाव न्युनिकरणका लागि पनि वृक्षरोपण महत्वपुर्ण हुने वताए । त्यस अवसरमा सहभागीले पुराना विरुवा गोडमेल सहित सरसफाई गरेका थिए । सो क्लवले सन् २०१६ मा त्यस स्थानमा वृक्षरोपण गरी पर्यटकलाई आर्कषित गर्ने खालको लायन्स पार्क वनाउने घोषणा गरेको थियो । तर घोषणको करिव एक दशक हुँदा पनि आर्कषक पार्क भने वन्न सकेको छैन ।

# स्याङ्जामा सार्वजनिक जग्गा संरक्षण अभियान

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १५ साउन

जिल्ला प्रशासन कार्यालय स्याङजाले अतिक्रमण भएका सरकारी तथा सार्वजनिक जग्गा संरक्षण गर्ने अभियानको थालनी गरेको छ ।

अतिक्रमण भएका त्यस्ता जग्गाको छानबिन गरी सरकारको स्वामित्वमा ल्याउन गृह मन्त्रालयको निर्देशन अनुसार जिल्लामा संरक्षणको थालनी गरीएको हो । सार्वजनिक जग्गाहरु व्यक्तिले अतिक्रमण गरेको भन्ने गुनासा र उजुरीहरूका आधारमा जिल्ला प्रशासन, नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीय सरकारका जनप्रतिनिधि सहितको टोली र स्थानीयसँगको सहकार्यमा अतिक्रमित जग्गा स्थलगत अनुगमन गरी संरक्षण गर्ने अभियानको सुरुवात पुतलीबजार नगरपालिकाबाट गरिएको छ । जिल्ला प्रशासन सहित सुरक्षा समिति र स्थानीय सरकार पुतलीबजार नगरपालिकाले वडा नं १३ मा रहेको ५० रोपनी भन्दा बढी अतिक्रमित सार्वजनिक जग्गा सरकारी स्वामित्वमा ल्याएर संरक्षण गरिएको छ । सार्वजनिक जग्गामा पिल्लर गाडेर सिमाना छुट्टाउने काम गरिएको जिल्ला प्रशासन कार्यालय स्याङ्जाले जनाएको छ । सरकारी तथा सार्वजनिक सम्पत्ति जोगाउनु राज्यको दायित्व हो । त्यसैलै उक्त कामको थालनी गरीएको स्याङजाका प्रमुख जिल्ला अधिकारी सुनिता नेपालले जानकारी दिइन् । यो क्रम अब जिल्लाभर लागु हुने प्रजिअ नेपालले बताइन् । अहिले संरक्षण गरिएको जग्गा सशस्त्र प्रहरीको ३० नम्वर गुल्मलाई उपलब्ध गराउने तयारी समेत थालिएको प्रशासनले जनाएको छ । २२ बर्षदेखी वालिङमा टहरा निर्माण गरेर सशस्त्र प्रहरीले सुरक्षा दिदै आएको छ । जग्गाको व्यवस्थापन नहुँदा निकै कष्टकररुपमा नागरिकको सुरक्षामा खटिन सशस्त्र प्रहरी बाध्यकारी थियो ।

# जुम्लामा चट्याङ पर्दा एक सय भेडा मरे

**रासस**
जुम्ला १५ साउन

जुम्लाको तिला गाउँपालिकाको देउली पाटनमा चट्याङ पर्दा करिब एक सय भेडा मरेका छन् । पालिका वडा नं ६ र ९ मा पर्ने देउली पाटनमा चट्याङ लागेर मंगलबार तिला-७ का पोखीका नौ जना किसानका एक सय भेडा मरेको तिला गाउँपालिकाका अध्यक्ष मोतिलाल रोकायाले जानकारी दिनुभयो ।

चट्याङबाट भेडापालक किसान भीमबहादुर रोकाया, लालसिंह रोकाया, कालीबहादुर रोकाया, वीरबहादुर रोकाया, बलबहादुर रोकाया, कालीबहादुर बोहोरा, नैने बुढा र रामबहादुर रोकायाका भेडा मरेको उहाँले बताउनुभयो । "कसका कति भेडा मरेका हुन् भन्ने एकिन विवरण आउन बाँकी छ । चट्याङमा परी तिला-७ का अन्दाजी ५५ वर्षीय लालसिंह रोकाया सामान्य घाइते भएका छन्", अध्यक्ष रोकायाले भन्नुभयो,"यसरी मरेका भेडाको बीमासमेत नगरिएकाले किसानलाई निकै ठूलो आर्थिक क्षति भएको छ । अब पालिकाको विपद् व्यवस्थापन समिति बैठकबाट राहतका लागि आवश्यक निर्णय गर्नेछौँ ।"


**भीरकोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बयरघारी, स्याङ्जा**

**परामर्श सेवा खरिदका लागि प्रस्ताव आव्हानको सूचना।**

प्रकाशित मितिः २०८१/०४/१६

भीरकोट नगरपालिकाको देहाय कार्य परामर्श सेवामार्फत गर्नुपर्ने भएकोले ईच्छुक परामर्शदाताले तपशिल बमोजिम यो सूचना प्रकाशन भएको मितिले १६(सोह्रौ) दिनभित्र प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. स. | परामर्श सेवाको विवरण | अनुमानित लागत अनुमान (VAT & PS) समेत | कैफियत |
|---|---|---|---|
| १ | भीरकोट नगरपालिका क्षेत्र भित्र पर्ने आँधिखोला बगरको अध्ययन गरी ढुङ्गा, गिट्टी, बालुवा उत्खन्न तथा संकलन कार्यको प्रारम्भिक वातावरणिय परिक्षण (IEE) प्रतिवेदन तयार गर्ने कार्य | ३,०५,९००.१४ | |

शर्तहरु:
१) प्रस्ताव पेश मिति २०८१/०४/३१ गते दिउँसो १२:०० बजेभित्र गरिसक्नुपर्नेछ। सोही दिनको दिउँसो १:०० बजे कार्यालयमा प्रतिनिधिहरुको रोहबरमा प्रस्ताव खोलिनेछ। प्रस्तावदाता वा प्रतिनिधि अनुपस्थित भएमा प्रस्ताव खोल्न बाधा पर्नेछैन।
२) प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुल्ने पहिलो दिनलाई मानिनेछ।
३) कार्यक्षेत्रगत सर्तमा भएको जनशक्ती सहितको प्रस्ताव सिलबन्दी गरि पेश गर्नुपर्नेछ।
४) प्रस्तावसँगै व्यवसाय दर्ता प्रमाणपत्र/नवीकरण, नियमानुसार कर चुक्ता प्रमाणपत्र, कालो सूचीमा नपरेको स्वघोषणा सहितका प्रस्तावदातासँग सम्बन्धित कागजातहरु पेश गर्नुपर्नेछ।
५) छनौट प्रक्रिया प्रचलित कानून बमोजिम हुनेछ। प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने अन्तिम अधिकार कार्यालयलाई हुनेछ।
७) कार्यक्षेत्रगत सर्त र थप जानकारीका लागि यस कार्यालयको वेवसाइट www: bheerkotmun.gov.np वा ०६३-४००१०६ मा सम्पर्क गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत



**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**मालपोत कार्यालय, कास्की**

**मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको उपस्थित हुने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

सूचना प्रकाशित मिति २०८१/०४/१३

कास्की जिल्ला मौजे तल्लाकोट १/१ नं. जि.मु. माथवर सिं को बल बहादुर खत्रीको कर्ण बहादुर जिम्मा १९९१ सालको पाखो तर्फको मोठ नं. २०० द.न.७३ मा महेश्वर जैसीको साविक दर्ता मेरी आमा लक्षिमा गौतमले तिरो तिरेको र निजबाट भू.सु. ७ नं. फाराम क्र.स. ३ मा लगत दिएको सर्भे नापीमा पुरुन्चौर गा.वि.स. वडा नं. १ कि.नं. ४१९ क्षे.फ. १-१-१-१ को जग्गा मेरी आमा लक्षिमा गौतमको नाउँमा कित्ताकाट भै दर्ता गर्न छुटेको मेरी आमा लक्षिमा गौतमको मिति २०५८/०४/२४ मा मृत्यु भएकोले उक्त जग्गा मेरो नाउँमा छुट जग्गा दर्ता नामसारी गरिपाउँ भनी कास्की जिल्ला पुरन्चौर-१ बस्ने बलराम गौतमले छुट जग्गा दर्ता नामसारी गरीपाउँ भनि यस कार्यालयमा एकलौटी माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जानेछ। पछि कसैको उजुर वाजुर लाग्ने छैन ।

तपशिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको नाम |
|---|---|---|---|---|---|---|---|
| कास्की | पुरुन्चौर | १ | ४१९ | १-१-१-१ | | | लक्षिमा गौतम |

ईति संवत २०८१ साल श्रावण १३ गते रोज १ शुभम् ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बढ्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : शुभ यात्रा | कुम्भ | : मानसिक तनाब |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |


**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# बागलुङमा आलुखेती विस्तार : गत वर्ष अर्ब बढीको उत्पादन

पोखरापत्र संवाददाता
बागलुङ, १५ साउन

पछिल्लो समय बागलुङका किसान आलुखेतीतर्फ आकर्षित हुँदै गएका छन् ।

खासगरी जिल्लाको माथिल्लो क्षेत्रका किसानले व्यावसायिक आलुखेती गर्न थालेका हुन् । पहाडी हावापानीमा आलुखेतीका लागि उपयुक्त हुने हुँदा नयाँ प्रविधि अवलम्बन गरी आलुखेती गर्न थालेको कृषि ज्ञान केन्द्र बागलुङले जनाएको छ । वर्षौंदेखि परम्परागत रूपमा आलुखेती गर्दै आएका किसानले अहिले नयाँ प्रविधिको प्रयोगबाट उत्पादन गर्न थालेका छन् । ज्ञान केन्द्रले किसानलाई आयआर्जनसँग जोड्न आलुखेतीतर्फ आकर्षित गर्न थालेको हो ।

आर्थिक वर्ष २०८०/८१ मा मात्रै एक सय ३६ हेक्टर नयाँ क्षेत्रमा आलुखेती विस्तार गरेको छ । ज्ञान केन्द्रले एक सय ५० हेक्टर क्षेत्र विस्तार गर्ने लक्ष्य लिएको थियो । बर्खे र हिउँदे गरी दुई याममा आलु उत्पादन हुने जिल्लामा बर्सेनि करोडौँ भित्रिने गरेको छ । ज्ञान केन्द्रले नयाँ क्षेत्र विस्तारका लागि रु दुई करोड ६० लाख लगानी गरेको छ । गण्डकी प्रदेश सरकारले खायन आलुखेतीका लागि रु तीन करोड ६० लाख विनियोजन गरेको थियो । कृषि ज्ञान केन्द्रले ६८ कृषि समूह तथा कृषि सहकारीमार्फत एक सय ५० हेक्टर नयाँ क्षेत्रमा आलुखेती विस्तार गरेको हो । जिल्लाको निसीखोला, ढोरपाटन, तमानखाला, ताराखोला, काठेखोलालगायत क्षेत्रमा बढी आलु उत्पादन हुने गरेकामा पछिल्लो समय तल्लो क्षेत्रका किसानले पनि आलुखेतीतर्फ चासो दिन थालेका छन् । आलुखेतीतर्फ किसानको आकर्षण बढेसँगै उत्पादन पनि बढेको हो ।

अघिल्लो वर्ष रु एक अर्ब ३४ करोड बराबरको आलु उत्पादन भएको कृषि ज्ञान केन्द्र बागलुङका प्रमुख राजेश्वर सिलवालले जानकारी दिनुभयो । उहाँका अनुसार अघिल्लो वर्ष तीन हजार छ सय ५५ हेक्टर क्षेत्रमा आलुखेती भएकामा यस वर्ष बढेर तीन हजार सात सय ८० हेक्टर पुगेको छ । जिल्लामा प्रतिहेक्टर १६ दशमलव पाँच टन आलु उत्पादन हुने उहाँले बताउनुभयो । गत वर्ष ५९ हजार छ सय ५० टन उत्पादन भएको थियो । उहाँका अनुसार हिउँदे आलु प्रतिकिलो रु ४० र बर्खे आलु प्रतिकिलो रु ५० मा बिक्री हुने गरेको छ । यस वर्ष बर्खे आलु खन्ने याममा सुरु हुन थालेको प्रमुख सिलवालले बताउनुभयो । आलु फाइदाजनक बाली भएको हुँदा यसबाट किसानले राम्रो आम्दानी गर्न सक्ने भएपछि धेरैको आकर्षण बढेको उहाँ बताउनुहुन्छ ।

"आलुबाट राम्रो आम्दानी हुन्छ, पहिले परम्परागत रूपमा आलुखेती गर्दै आउनुभएका किसान अहिले प्रविधिसँग जोडिन थाल्नुभएको छ, उन्नत जातका आलु लगाउन थाल्नुभएको छ, आलुको बजार समस्या छैन, बागलुङमा उत्पादन हुने आलु, पोखरा, बुटवललगायत ठाउँमा पुग्ने गरेका छन्" प्रमुख सिलवालले भन्नुभयो, "यहाँको भूगोल बर्खे आलु उत्पादन हुने ठाउँ हो, हिउँदे आलु पनि राम्रो उत्पादन हुने गरेको छ, यस वर्ष पनि उत्पादन बढ्ने देखिन्छ ।" काठेखोला गाउँपालिका-३ का किसान ज्ञानबहादुर छन्त्यालले वर्षौंदेखि परम्परागत आलुखेती गर्दै आएकामा अहिले नयाँ तरिकाबाट खेती गर्न थालेको बताउनुभयो । कृषि ज्ञान केन्द्र बागलुङले आलुखेतीका लागि उन्नत जातको बीउसमेत अनुदानमा दिएको जनाउँदै गाउँमा आलुखेती राम्रो भएको उहाँले बताउनुभयो । अघिल्ला वर्षहरूमा भन्दा यस वर्ष धेरै किसान आलुखेती गर्नतर्फ लागेका छन् ।

# राहुघाट जलविद्युत् आयोजना: मुख्य सुरुङको 'ब्रेक थ्रू'

रासस
म्याग्दी, १५ साउन

नेपाल विद्युत् प्राधिकरणद्वारा म्याग्दीको रघुगङ्गा गाउँपालिकामा निर्माणाधीन ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाको मुख्य सुरुङको मंगलबार 'ब्रेक थ्रू' भएको छ ।

प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावर प्रवर्द्धक रहेको राहुघाटको ६ हजार दुई सय ७० मिटर लामो सुरुङको 'ब्रेक थ्रू' भएको हो । रघुगङ्गा गाउँपालिका-४ दग्नामको फेदीमा रहेको बाँधदेखि वडा नं ३ तिल्केनीचौरसम्म जोड्ने सुरुङ जोडिएको आयोजनाका प्रबन्ध सञ्चालक गणेश केसीले जानकारी दिनुभयो । सो सुरुङ मार्ग खन्ने क्रममा चारवटा पहुँच मार्ग (अडिट) खण्डीकृत गरी 'ब्रेक थ्रू' गरिएको आयोजनाले जनाएको छ ।

रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारी र प्रबन्ध सञ्चालक केसीले बाँध र अघेरीखोलाको अडिट नं २ जोड्ने दुई हजार तीन सय ३२ मिटर लामो सुरुङमा संयुक्त रूपमा 'स्विच' थिचेर विस्फोट गराई 'ब्रेक थ्रू' गर्नुभएको हो ।

अडिट १ बाट आठ सय ७५ र अडिट २ बाट एक हजार चार सय ५८ मिटर सुरुङ निर्माण भएको हो । गत फागुनमै जोडिएको तीन हजार आठ सय ३६ मिटर लामो दोस्रो र तेस्रो नं अडिटको सुरुङलाई लाइनिङ (प्लास्टर) गर्ने काम भइरहेको छ । गाउँपालिका अध्यक्ष भण्डारीले राहुघाटको मुख्य काम सुरुङ निर्माण भएकामा खुसी व्यक्त गर्दै आयोजना निर्माणमा सहजीकरण एवं समन्वय गरेको बताउनुभयो ।

रघुगङ्गा गाउँपालिका-३ पिप्लेस्थित मुख्य सुरुङको आउटलेट (अन्तिम विन्दु)देखि तिल्केनीचौरमा निर्माणाधीन विद्युत्गृहमा पानी खसाल्ने पाइपलाइन राख्ने एक हजार ४९ मिटर लामो प्रेसर साफ्ट सुरुङ गत जेठ महिनामा जोडिएको थियो । मुख्य सुरुङबाट आउने पानीलाई विद्युत्गृहमा लैजाने पाइपलाइन राख्नका लागि प्रेसर साफ्ट बनाइएको हो । पिप्लेमा ६१ मिटर गहिरो 'सर्च साफ्ट' निर्माण सकिएको छ । जलविद्युत् आयोजनामा सुरुङ निर्माण कार्यलाई प्राविधिकहरूले प्रमुख उपलब्धिका रूपमा लिने गर्दछन् । सुरुङ ब्रेक थ्रू भएकामा प्राधिकरण, प्रवर्द्धक, निर्माण कम्पनी, परामर्शदाता तथा जनप्रतिनिधिहरूले खुसियाली व्यक्त गरेका छन् । यसरी सुरुङको 'ब्रेक थ्रू' भएसँगै सिभिलतर्फ आयोजनाको ६० प्रतिशत काम सम्पन्न आयोजना प्रमुख राजबहादु विष्टले जानकारी दिनुभयो । सिभिल ठेकेदार जयप्रकाश एसोसियट्स (जेपी)ले २०७६ असार ८ गते पिप्लेस्थित अडिट नं ३ बाट सुरुङ निर्माण थालेको थियो । भारतीय आयात निर्यात (एक्जिम) बैङ्कको ६७ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण तथा प्राधिकरण र नेपाल सरकारको संयुक्त लगानीमा निर्माण भइरहेको आयोजनाको सिभिल ठेकेदार जयप्रकाश एसोसियट्स (जेपी)सँग २०७४ मङ्सिरमा ठेक्का सम्झौता भएको थियो । ठेक्काको ४५ महिनाको अवधिमा कोरोना महामारी, बाढी-पहिरोका कारण काम सम्पन्न हुन नसकेपछि ३० महिना म्याद थपिएको थियो । २०७६ कात्तिकमा ठेक्का सम्झौता गरेको इलेक्ट्रिकल ठेकेदार हेभी इलेक्ट्रिकल्स लिमिटेड (भेल)ले भारतमा निर्माण गरेका उपकरणको परीक्षण गरी आयातको प्रक्रिया अघि बढाएको छ । सो आयोजनाको इलेक्ट्रोमेकानिकलतर्फ २५ प्रतिशत भौतिक प्रगति भएको बताइएको छ । कमजोर आर्थिक अवस्थाका कारण २०७२ सालमा पुरानो ठेकेदार आइभिआरसिएलसँगको ठेक्का तोडेर कम्पनीको अवधारणा र इन्जिनियरिङ प्रक्युमेन्टएन्डकन्स्ट्राक्ट(इपिसी) बमोजिम राहुघाट जलविद्युत् आयोजना निर्माणअघि बढाइएको थियो । पहिलो कार्यतालिका र सम्झौताअनुसार आयोजना २०७० सालमा सम्पन्न हुनुपर्ने थियो । पहिले ३२ मेगावाटमा डिजाइन गरिएको सो जलविद्युत् आयोजनालाई आठ मेगावाट बढाएर ४० मेगावाट पुऱ्याइएको छ ।

उक्त गाउँपालिका-४ दग्नाम र ५ नं वडा भिँकाे सिमानामा १७ मिटर अग्लो र ३१ मिटर लामो अर्धजलाशययुक्त (पिआरओआर) प्रविधिको बाँध र तिल्केनीचौरमा विद्युत्गृहको संरचना निर्माण भइरहेको छ ।

बेनी-जोमसोम-कोरला सडकको घुमाउनेतालदेखि ११ किलोमिटर पहुँचमार्ग र एउटा ट्रस प्रविधिको मोटर चल्ने पुल निर्माण गरी विद्युत्गृह र बाँधलाई सिधा सडकले जोडिएको छ । सिभिल ठेकेदार जेपीका आयोजना प्रमुख हरिश अग्रवालले अब एक वर्षभित्र राहुघाटको परीक्षण उत्पादन गर्ने लक्ष्यसहित कामलाई तीव्रता दिएको बताउनुभयो ।

# मालिकाका चार वडामा बिजुली

पोखरापत्र संवाददाता
म्याग्दी १५ साउन

म्याग्दीको मालिका गाउँपालिकाका चार वटा वडाका साढे पाँच सय घरधुरीमा केन्द्रीय लाइनको विद्युतीकरण भएको छ ।

मालिकाको वडा नम्बर १, छिस, रिठेचौर, २ को रुम, बेली, जेम, घाइलेपानी, वडा नम्बर ३ को लुप्सीपार, खतेन र ४ नम्बर वडाको ओखरबोटमा केन्द्रीय लाइनको विद्युत् सुविधा पुगेको हो । नेपाल विद्युत् प्राधिकरणको म्याग्दी वितरण केन्द्रका सूचना अधिकारी प्रकाश भाले मालिका-२ रुम, बेली, जेम, घ्याइलेपानीमा २५६, मालिका-३ खतेनमा ५०, लुप्सीपारमा ५४, मालिका-४ ओखरबोटमा १०२ घरमा बिजुली बलेको जानकारी दिनुभयो । "मालिका-१ छिस र रिठेचौरका ११७ घरधुरी मध्ये ३५ वटा बाहेकका घरमा पनि मिटर जडान गरेर बिजुली बालिएको छ", उहाँले भन्नुभयो, "नेपाल विद्युत् प्राधिकरणको पूर्ण विद्युतिकरण कार्यक्रमअन्तर्गत पहिलो चरणमा मालिकाका चार वटा वडामा बिजुली बालिएको हो ।"


त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त

## वहाकी सामुदायिक क्याम्पस

विहादी गा.पा. ४, वहाकी, शालिग्राम, चिलाउनेखर्क, पर्वत

## सामग्री तथा सेवा आपूर्ति गर्न सूची दर्ता गर्ने सम्बन्धी सूचना ।

सूचना प्रकाशित मितिः २०८१/०४/१६

प्रस्तुत विषयमा यस वहाकी सामुदायिक क्याम्पसका लागि आ.व.२०८१/०८२ मा तपसिल बमोजिमका आवश्यक पर्ने सामान तथा सेवा आपूर्ति गर्न सार्वजनिक खरिद ऐन २०६३ को दफा ६(क) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८(संशोधित सहित) को व्यवस्था बमोजिम इच्छुक व्यक्ति, फर्म तथा कम्पनीहरुले आ.व.०७९/०८० को व्यवसाय नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि, करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नं. (PAN) वा मूल्य अभिवृद्धिकर (VAT) मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूची २(क) बमोजिमको ढाँचामा १५ दिन भित्र निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

१. स्टेशनरी, पाठ्यपुस्तक तथा कार्यालय सामग्रीहरु उपलब्ध गराउन,
२. छपाई सम्बन्धी कार्य गर्न,
३. सूचना प्रकाशन तथा प्रसारण /विज्ञापन गर्न,
४. कम्प्युटर/फोटोकपी, प्रिन्टर, UPS, प्रोजेक्टर, ल्यापटप तथा अन्य इलेक्टोनिक सामान (पार्टसहर सहित) आपूर्ति तथा मर्मत गर्न, Extending Digitalization सम्बन्धी कार्य गर्न/सामग्री आपूर्ति गर्न,
५. कम्प्युटर, फोटोकपी, प्रिन्टर,नयाँ टोनर(क्याटेज) आपूर्ति तथा रिफिल सम्बन्धी कार्य गर्न,
६. प्लम्बिङ कार्य गर्न /सामग्री आपूर्ति गर्न,
७. इलेक्ट्रोनिक कार्य गर्न /सामग्री आपूर्ति गर्न,
८. सामान्य भौतिक निर्माण तथा सामग्री आपूर्ति गर्न,
९. फर्निचर तथा फर्निसिङ्ग सामग्री आपूर्ति गर्न,
१०. रङ रोगन सम्बन्धी कार्य गर्न,
११. खाना/खाजा आपूर्ति गर्न,
१२. सवारी साधनको आवश्यकता अनुसार व्यवस्था गर्न,
१३. जेनेरेटरको व्यवस्था गर्न,
१४. खानेपानीको आपूर्ति गर्न,
१५. निर्माण सम्बन्धी सामग्री आपूर्ति तथा निर्माण गर्न,
१६. परामर्श तथा अन्य सेवा । (Building Estimate,designing and construction drawing)

Email : wahakicampus2067@gmail.com
Mobile No : 9857631574, 9841607996

क्याम्पस प्रमुख


# दुई सय पाँच परिवारलाई खानेपानी सुविधा

पोखरापत्र संवाददाता
म्याग्दी, १५ साउन

वर्षौंदेखि खानेपानीको समस्या झेल्दै आएका म्याग्दीको बेनी नगरपालिका-२ बगरफाँटका बासिन्दा गाउँमा 'एक घर, एक धारा'सहितको खानेपानी आयोजना निर्माण भएपछि खुसी भएका छन् ।

सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाको सहयोगमा उपभोक्ता समितिले निर्माण गरेको 'एक घर, एक धारा' खानेपानी आयोजनाबाट घर-घरमा खानेपानीको सुविधा पुगेपछि पानी लिनका लागि कुवा र खोलामा धाउने समस्याबाट यहाँका बासिन्दा मुक्त भएका हुन् । आयोजनाबाट गाउँका दुई सय पाँच परिवार लाभान्वित भएका छन् ।

सङ्घीय सरकारको रु एक करोड ४४ लाख ७५ हजार एक सय १२ सहयोगमा गाउँमा खानेपानी आयोजना निर्माण भएको उपभोक्ता समितिका अध्यक्ष दीपक मल्लले जानकारी दिनुभयो । "कोप्रे, बाङगेरा र लहरेनीको मुहानमा 'इन्टेक' बनाएर ल्याएको पानी ५०-५० हजार लिटर क्षमताको तीन रिजर्भ ट्याङ्कीमा सङ्कलन गरी वितरण गर्न थालिएको छ", उहाँले भन्नुभयो, "संरचना निर्माणको काम सकिएपछि दुई सय पाँच घरमा मिटरसहित जडान भएका धारामा पानी वितरण गरेका छौं ।"

गाउँमा खानेपानीका लागि दिनहुँ झगडा हुने गरेको उहाँले स्मरण गर्नुभयो । "एउटै धारोमा आठ/दश घरले पाइप जोडेर घरघरमा पानी लैजान पालो कुर्नुपर्दथ्यो, अब ढुक्कसँग खानेपानी उपभोग गर्न पाइने भएको छ", स्थानीय उपभोक्ता विजय थापाले भन्नुभयो ।

परीक्षणका क्रममा देखिएका प्राविधिक समस्या समाधान र सुधार गरेर नियमित पानी वितरण गरिएको अध्यक्ष मल्लले बताउनुभयो । पाँच हजार दुई सय ७१ मिटर मुख्य र पाँच हजार पाँच सय ४७ मिटर वितरण पाइप लाइन निर्माण भएको छ । आयोजना निर्माणका लागि आव २०७९/८० मा रु ५३ लाख ११ हजार आठ सय ५२ र २०८०/८१ मा रु ९१ लाख ६३ हजार दुई सय ६० खर्च भएको सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाका सब इन्जिनियर सुनिलसिंह बोहोराले बताउनुभयो ।

उपभोक्ता समितिले कूल लागतको १० प्रतिशत बराबरको श्रमदान गरेका छन् । यसअघि बगरफाँटमा २१ सार्वजनिक धारामार्फत खानेपानी वितरण हुने गरेको थियो । सार्वजनिक धाराबाट गाग्री, ग्यालिन र डुम्मा ओसार्ने तथा पाइप जडान गरेर घरघरमा पानी लगेर उपभोग गर्ने गरेका थिए । खानेपानी नियमित सञ्चालन गर्नका लागि एक कर्मचारी नियुक्त गर्ने र आयोजनाको दिगो व्यवस्थापनका लागि महसुल निर्धारण गर्ने तयारी भइरहेको बगरफाँट खानेपानी उपभोक्ता समितिका सचिव चन्द्रबहादुर घिमिरेले बताउनुभयो ।

शिरानमा विशाल पहरो र पुछारमा म्याग्दी नदी रहेको बगरफाँट गाउँ म्याग्दीको सदरमुकाम बेनीबजार नजिकै रहेको गाउँ हो ।

अरु सबै सुविधा र विकासका पूर्वाधार भएको यस गाउँमा खानेपानीको समस्याकै कारण कतिपय व्यक्ति बसाइँसराइ गरेर अन्यत्र जाने गरेका थिए । अब खानेपानीको सुविधा प्रत्येक घरघरमा पुगेपछि बसाइँसराइको समस्यापनिनियन्त्रणहुनेस्थानीयले बताएका छन् ।


## सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड

Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बनेपा-१३, साँगा, काभ्रेपलाञ्चोक
कर्पोरेट कार्यालय : महालक्ष्मी-४, इमाडोल, ललितपुर
फोन नं.: ०१-५९१२७५२
Website : www.swmfi.com.np

## सूची दर्ता गर्ने बारेको सूचना ।

सूचना प्रकाशित मिति २०८१ श्रावण १६ गते

यस सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडलाई आर्थिक वर्ष २०८१/०८२ को लागि आवश्यक पर्ने तपशिलमा उल्लेखित बस्तु तथा सेवाहरु आपूर्ति गर्न इच्छुक रजिष्टर्ड फर्म र कम्पनीहरुको सूची दर्ता गराउनु पर्ने भएकोले सम्बन्धित विषयको कारोबार गर्न स्वीकृती प्राप्त फर्म तथा कम्पनीले बस्तु तथा सेवाको विवरण, फर्म र कम्पनी दर्ता प्रमाण-पत्र, स्थायी लेखा नम्बर PAN /मूल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्रको प्रतिलिपि तथा सूची दर्ताको लागि निवेदन समेत संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस संस्थाको सामान्य सेवा विभाग, कर्पोरेट कार्यालय महालक्ष्मी-४, ललितपुरमा दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आपूर्ति/उपलब्ध गराउनुपर्ने वस्तु तथा सेवाहरुः**

१. स्टेशनरी (मसलन्द) समान आपूर्ति ।
२. छपाई एवं प्रिन्टिङ्ग कार्य ।
३. अफिस फर्निचर तथा फिक्चर्स आपूर्ति ।
४. कम्युटर र प्रिन्टर, आपूर्ति तथा कम्युटर, प्रिन्टर र सवारी साधनको पाटपुर्जाहरुका मर्मत संभार ।
५. प्रिन्टर र फ्याक्सको इन्क, कार्टेज, टोनर, प्रिन्टर रिवन आदि ।
६. प्राविधिक तथा विज्ञापन सेवा ।
७. अन्य विविध सामान आपूर्ति ।